# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय, काठमाण्डौ

### निर्माण/मर्मत सम्बन्धी विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मितिः २०८१/०२/०३**

यस कम्पनीको शाखा कार्यालय, महेन्द्रनगर स्थित खालि जग्गामा Office boundary work and gate construction र शाखा कार्यालय, डोल्पा स्थित जुफालमा पर्खाल निर्माण कार्य गर्नुपर्ने भएकोले PAN /VAT मा दर्ता भएका, ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहने गरी विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१ विद्युतीय माध्यम www.bolpatra.gov.np/egp मार्फत दरभाउपत्र पेश गर्नुपर्नेछ। दरभाउपत्रदाताले मिति २०८१।०२।१८ गते दिनको १२:०० बजे सम्ममा दरभाउपत्र कागजातहरु खरिद/पेश गरी सक्नुपर्नेछ। दरभाउपत्रदाताले यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४०००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा दरभाउपत्रको दस्तुर रु. १,०००/- जम्मा गरी सोको भौचर Scanning गरी विद्युतीय दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। पेश हुन आएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रधान कार्यालय, काठमाण्डौ खरिद विभाग (खरिद एकाई)मा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। दरभाउपत्र बुझाउने तथा खोल्ने पूर्वनिर्धारित समयमा E-GP site मा सो सम्बन्धमा कुनै फेरबदल भै सो को सूचना प्राप्त भएमा सोहि अनुसार हुनेछ।

२ दरभाउपत्रदाताले दरभाउपत्रसाथ धरौटी वापत तोकिएको रकम शाखा कार्यालय, महेन्द्रनगरमा तोकिएको निर्माण कार्यको लागि रु. ४७,०००/- र शाखा कार्यालय, डोल्पा स्थित जुफालमा तोकिएको निर्माण कार्यको लागि रु. ४८,०००/- का साथै दरभाउपत्र दस्तुर रु. १,०००/- यस कम्पनीको प्रधान कार्यालय काठमाण्डौको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४०००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ। दरभाउपत्रदाताले विड बण्डको लागि धरौटी वापत बैंक जमानी राख्न चाहेमा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा ७५ दिन अवधिको बैंक जमानी राख्नु पर्नेछ। दरभाउपत्र स्वीकृतिको सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र सम्झौता गर्न नआएमा दरभाउपत्र साथ पेश गरेको धरौटी/बैंक जमानत जफत हुनेछ।

३ दरभाउपत्रदाताले VAT/PAN दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाणपत्र, फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी, निर्माण इजाजतपत्र, घोषणापत्र र तोकिए बमोजिमको नगद धरौटी वा बैंक जमानत सहितका कागजातहरु दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ। साथै पेश गरेका सम्पूर्ण कागजातको सक्कल प्रति (Hard copy) यथासक्य छिटो कम्पनीको प्रधान कार्यालय, खरिद विभागमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

४ निर्माण स्थल, दरभाउपत्र दस्तुर, धरौटी रकम तथा अन्य विस्तृत जानकारीको लागि PPMO को E-GP Site www.bolpatra.gov.np/egp, कम्पनीको वेभसाईट www.fmtc.org.np मा समेत सूचना हेर्न सकिने छ। अन्य कुरा बुझ्न परेमा कम्पनीको प्रधान कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

५ प्राप्त दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

६ यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७९ अनुसार हुनेछ।